## प्रस्तावहरु

१. नियामावली तथा कार्यविधि स्वीकृत सम्बन्धमा ।
२. समिति गठन सम्बन्धमा ।
३. वडा समितिको बैठक भत्ता सम्बन्धमा ।
४. विविध

## निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस बनगाड कुपिण्डे नगरपालिका लाई आगामी दिनमा कार्य सम्पादन तथा व्यवस्थापनमा सहजताका लागि आवश्यक नियामावली तथा कार्यविधिहरु - नगर कार्यपालिका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियामावली-२०७४, नगर कार्यपालिका (कार्य सम्पादन) नियामावली-२०७४, नगरपालिका बैठक संचालन सम्बन्धि कार्यविधि-२०७४ र नगर कार्यपालिका (कार्य विभाजन) नियामावली-२०७४; स्वीकृत गर्ने निर्णय सर्वसम्मत बाट पारित गरियो ।

२. प्रस्ताव नं-२ मा छलफल गर्दा कार्यपालिकाले कार्यपालिकामा निर्णयको लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकता अनुसार राय सल्लाह र सुझाव लिनका लागि देहाय बमोजिमका विषयगत समितिहरु लगायतका समितिहरु तपसिल बमोजिम गठन गरियो ।

१) सार्वजनिक सेवा तथा क्षमता विकास समिति :-
(क) वीर बहादुर बुढा - संयोजक
(ख) सुशिला वि.क. - सदस्य
(ग) मोमत रोका - सदस्य

२) आर्थिक विकास समिति :-
(क) कुल बहादुर पुरी - संयोजक
(ख) गंगा वि०स० - सदस्य
(ग) शान्त कुमार पुरी - सदस्य